का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ चैत २०७९,
सोमबार
20 March 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ५४ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

## डेढ दशकपछि स्ववियु चुनाव



२०६५ देखि स्ववियु चुनाव हुन सकेको थिएन ।

त्रिविका ६० आंगिक क्याम्पस र १ हजार ४० वटा सम्बन्धन प्राप्त क्याम्पस छन् ।

क्याम्पसहरूमा फेरि पनि नियमित चुनाव हुनेमा स्वयम् विद्यार्थीहरूको आशंका छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ चैत ।

त्रिभुवन विश्वविद्यालयसहित आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरूमा आइतबार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को चुनाव भयो ।

त्रिविअन्तर्गत स्ववियु निर्वाचन तथा अनुगमन समिति सदस्य सचिव पशुपति अधिकारीका अनुसार चुनाव उत्साहपूर्वक रुपमा भएको छ । आइतबार चुनाव हुन नसकेका क्याम्पसहरूमा पनि अर्को चुनावको मिति तोकिएर प्रक्रिया अगाडि बढिसकेको छ ।

उनका अनुसार २ आंगिक क्याम्पससहित केही सम्बन्धन प्राप्त क्याम्पसमा विद्यार्थी संगठनहरूको सहमतिमा स्ववियु कार्यसमिति चयन गरिएका थिए । काठमाडौं उपत्यकाभित्र भने सत्ता गठबन्धन दलका भ्रातृ विद्यार्थी संगठनले गठबन्धन गरेर क्याम्पसहरू भागबन्डा गरी उम्मेदवार उठाएका थिए । उपत्यकाबाहिर भने केही क्याम्पसबाहेक अन्यत्र विद्यार्थी संगठनहरूबीच एक्लाएक्लै प्रतिस्पर्धा भएको छ । २०६५ देखि स्ववियु चुनाव हुन सकेको थिएन । त्रिविका ६० आंगिक क्याम्पस र १ हजार ४० वटा सम्बन्धनप्राप्त क्याम्पस छन् ।

चुनावको प्रारम्भिक नतिजा आउन थालेको छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा नेपाल विद्यार्थी संघका श्यामराज ओझा सभापति विजयी भएका छन् ।

ललितपुरस्थित पुल्चोक इन्जिनियरिङ क्याम्पसमा नेकपा एमालेनिकट अनेरास्वियुका विराज अर्याल स्वतन्त्र विद्यार्थी युनियनको सभापतिमा विजयी भएका छन् । अर्यालले अखिल क्रान्तिकारीका अजयकुमार मण्डललाई ३० मतले हराएका हुन् । २६ सय ९९ मतदाता रहेकोमा २३ सय ४१ जनाले मतदान गरेका थिए । इन्जिनियरिङ पढाइ हुने विद्युतीय मेसिनको प्रयोग हुँदा मतदान पनि चाँडो भएको थियो ।

> काठमाडौं उपत्यकाभित्र सत्ता गठबन्धन दलका भ्रातृ विद्यार्थी संगठनले गठबन्धन गरेर क्याम्पसहरु भागबन्डा गरी उम्मेदवार उठाएका थिए । उपत्यकाबाहिर केही क्याम्पसबाहेक अन्यत्र विद्यार्थी संगठनहरुबीच एक्लाएक्लै प्रतिस्पर्धा गरेका थिए।

धादिङका २ क्याम्पसमा नेपाली कांग्रेस र नेकपा एमाले निकट विद्यार्थी संगठनको गठबन्धनलाई पराजित गर्दै नेकपा माओवादी निकट विद्यार्थी संगठन विजयी भएको छ । बेनीघाट रोराङ गाउँपालिका वडा नम्बर ५ स्थित चन्द्रोदय बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनमा नेविसंघ र अनेरास्ववियुको गठबन्धनविरुद्ध अनेरास्ववियु (क्रान्तिकारी)को प्यानल नै विजयी भएको छ ।

आइतबार सम्पन्न निर्वाचनमा क्रान्तिकारीका सजित सुवेदी नेत्वत्वको प्यानल विजयी भएको हो । क्रान्तिकारीविरुद्ध नेपाल विद्यार्थी संघ र अनेरास्ववियुले गठबन्धन गरेका थिए ।

धादिङकै मलेखुमा रहेको जय बागेश्वरी बहुमुखी क्याम्पसमा नेविसंघ र अनेरास्ववियुको गठबन्धनलाई पराजित गर्दै अखिल क्रान्तिकारीका नवराज त्रिपाठी विजयी भएका छन् । गठबन्धनबाट सभापतिका प्रत्यासी विषय अधिकारीले ३७ मत प्राप्त गर्दा विजयी त्रिपाठीले ६२ मत पाएका छन् । धादिङकै गुजरी गाउँपालिका वडा नम्बर १ गजुरी बजारमा रहेको आदर्श बहुमुखी क्याम्पसमा पनि अनेरास्वियु र नेविसंघको गठबन्धनविरुद्ध अखिल क्रान्तिकारीका गणेश पाण्डे विजयी भएका छन् । चितवनको माडीमा रहेको माडी >>> पृष्ठ २ मा

### केन्द्रीय क्याम्पसमा नेविसंघका ओझा



त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा नेपाल विद्यार्थी संघका श्यामराज ओझा सभापति पदमा विजयी भएका छन् ।

आइतबार सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा ओझाले ९६२ मत ल्याए। उनका निकटतम प्रतिद्वन्द्वी अनेरास्ववियुका प्रकाश विष्टले ६३१ मत ल्याए । नेविसंघका ओझा ३३१ मतको अग्रतासहित विजयी भएका हुन् । कुल मतदाता ३४ सय ४ रहेकामा २ हजार ७५ मत खसेको थियो ।

## परीक्षा आयो पाठ्यपुस्तक आएन



हरेक पटक नियुक्त हुने शिक्षामन्त्रीले समयमै पाठ्यपुस्तक विद्यार्थीको हातमा पुर्याउने प्रतिबद्धता भने गर्न छाड्दैनन् । तर पनि व्यवहारिक रूपमा भने विद्यार्थीले पुस्तक बिना नै शैक्षिक सत्र गुजार्नुपर्ने बाध्यता छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ चैत ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेपनि शैक्षिक सत्र सकिदासमेत विद्यार्थीले पाठ्यपुस्तक नपाउने अवस्थाको अन्त्य हुन सकेको छैन । मुगु, कालिकोट, डोल्पा, हुम्ला लगायतका जिल्लामा शैक्षिक शत्र सकिन लाग्दा समेत विद्यार्थीले नयाँ पाठ्यपुस्तक पढ्न नपाएका हुन् ।

कालिकोटको सान्नीत्रिवेणी गाउँपालिका- ३ मा रहेको विद्याज्योति माध्यमिक विद्यालय कक्षा ८ को नेपाली र स्वास्थ्य विषयको पुस्तक पुगेको छैन भने सोही जिल्लाको खाँडाचक्र नगरपालिका- ३ ताडीको जनजीवन माविमा पनि केही पुस्तक पुगेको छैन । जसले गर्दा विद्यार्थीको सिकाई प्रक्रिया र अध्ययनको स्तर >>> पृष्ठ २ मा

## विश्वासको मत लिँदै प्रधानमन्त्री प्रचण्ड

गत पुस १० गते प्रधानमन्त्री नियुक्त पुष्पकमल दाहाल प्रचण्डले आज दोस्रो पटक विश्वासको मत लिन लागेका हुन् ।



● प्रचण्ड
प्रधानमन्त्री

> पहिले मलाई ९९.२५ प्रतिशतले विश्वासको मत दिनुभएको थियो । भोलि शतप्रतिशतले दिनुहुन्छ भन्ने आशा छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ५ चैत ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आज प्रतिनिधि सभा बैठकमा विश्वासको मत लिँदैछन् । गत पुस १० गते प्रधानमन्त्री नियुक्त भएका प्रचण्डले आज दोस्रो पटक विश्वासको मत लिन लागेका हुन् । यसअघि उनले गत पुस २६ गते विश्वासको मत लिएका थिए ।

सरकारलाई समर्थन गरेका नेकपा एमाले र राप्रपाले समर्थन फिर्ता लिई सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीले पुनः प्रतिनिधि सभाबाट विश्वासको मत लिन लागेका हुन् ।

प्रधानमन्त्रीले विश्वासको मत लिने जानकारी गराएपछि सभामुख देवराज घिमिरेले सोमबार दिउँसो १ बजेका लागि प्रतिनिधि सभा बैठक बोलाएका छन् । >>> पृष्ठ २ मा

### सत्तामा कांग्रेस

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ चैत ।

नेपाली कांग्रेसले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा सहभागी हुने निर्णय गरेको छ । आइतबार बसेको कार्यसम्पादन समितिको बैठकले सरकारमा जाने निर्णय गरेको हो ।

सरकारले संविधानको रक्षा, विकास र समृद्धि, स्थिरतालाई केन्द्रमा राखेर काम गर्ने अपेक्षासहित समर्थन गर्ने निर्णय गरेको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले जानकारी दिए । उनले अघि भने, 'फेरि एउटा गठबन्धन बनेको छ, त्यसलाई मध्यनजर गरेर कांग्रेस सरकारमा पनि सहभागी हुने निर्णय गरेको छ ।'

यस सँगै आइतबार संसदको बैठकमा कांग्रेस >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## मलेसियाद्वारा नयाँ कामदारको आवेदन र स्वीकृति स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

मलेसियाले विदेशी कामदारको आवेदन र स्वीकृति प्रक्रिया आइतबारदेखि स्थगित गरिएको बताएको छ। मलेसियाका मानव संशाधन मन्त्री वी. शिव कुमारले गत मंगलबार अर्थात् मार्च १४ सम्म विभिन्न क्षेत्रका लागि ९ लाख ९५ हजार ३ सय ९६ जना विदेशी कामदारको रोजगारी कोटालाई मन्त्रालयले स्वीकृत गरेको भन्दै रोजगारी राहत योजना (पीकेपीपीए) मार्फत विदेशी कामदारको कोटा आवेदन र स्वीकृति आइतबारदेखि अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको बताएका छन् ।

उनले उत्पादन, निर्माण, वृक्षरोपण, कृषि र सेवा (रेस्टुरेन्ट मात्र) गरी पाँच क्षेत्रमा विदेशी कामदारको आवेदनहरू स्वीकृति स्थगन गरिएको बताए । उनले हालसम्म स्वीकृत विदेशी कामदार कोटाको स्वीकृतिले मलेसियाले प्राथमिकतामा राखेका महत्वपूर्ण क्षेत्रलगायतका उद्योगहरूमा विदेशी कामदारको आवश्यकता पूरा गर्न सक्ने अपेक्षा गरिएको बताएका छन् ।

यसअघि कोटा स्वीकृति पाएका रोजगारदाताहरूले विदेशी कामदार लगेका छैनन् । उनले विदेशी कामदार ल्याउने योजना तत्काल शुरू गरिहाल्न र विदेशी कामदार भर्ती गर्ने प्रक्रियालाई तीव्रता दिन आग्रह गरेका छन् । उनले मन्त्रालयले स्वीकृत कोटाको तुलनामा मलेसिया गएका कामदारको संख्या न्यून रहेको बताएको सरकारी समाचार संस्था बेर्नामाले बताएको छ ।

एक नेपाली म्यानपावर व्यवसायीका अनुसार मलेसियाका रोजगारदाताले कोटा स्वीकृत गराएर नेपालीसहित श्रोत मुलुकका एजेन्सीसँग रकम उठाउने, तर कामदार लैजान ढिलासुस्ती गर्ने गरेका कारण स्वीकृत कोटाअनुसार विदेशी कामदार मलेसिया जान पाएका छैनन् ।

मन्त्री शिव कुमारले स्वीकृत कोटामा विदेशी कामदार गएपछि अवस्थाको मूल्यांकन गरी आवश्यकताअनुसार विदेशी श्रमिकको स्वीकृति खुलाउने बताएका छन् । मलेसिया सरकारले गत जनवरी १७ देखि मार्च ३१ सम्मका लागि विदेशी श्रमिक भर्तीलाई खुकुलो पार्ने योजना 'पीकेपीपीए' ल्याएको थियो । तोकिएको अवधि सकिनुअगावै मार्च >>> पृष्ठ २ मा

### विदेश जाने कामदार क्रमशः घट्दै

**काठमाडौं/मस–** वैदेशिक रोजगारमा जाने नेपालीको संख्या क्रमशः घटिरहेको छ। अघिल्ला दुई महिनाको तुलनामा फागुनमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा कमी आएको छ । पुस महिनामा ७१ हजार र माघ महिनामा ६४ हजार नेपालीले वैदेशिक रोजगारीममा जान श्रम स्वीकृति लिएकोमा फागुनमा करिब ६२ हजारले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागले बताएको छ ।

विभागका अनुसार फागुनमा ६१ हजार ८ सय ४५ जनाको श्रम स्वीकृति भएको छ। फागुनमा म्यानपावर कम्पनीमार्फत २९ हजार २ सय ८८ जना र व्यक्तिगतरूपमा ५ हजार ५ सय ३६ जनाले श्रम स्वीकृति लिएका छन् ।

फागुनमा मलेसिया जान १९ हजार ८ सय २४ जना, कतार जान ११ हजार ३ सय ३ जना र यूएई जान ९ हजार ७ सय ९५ जनाले श्रम स्वीकृति लिएका छन् । यस्तै साउदी अरब जान ९ हजार ५ सय ३ जना, कुवेत जान २ हजार ४ सय ६२ जना, बहराइन जान ५ सय ९५ जना, रोमानिया जान १ हजार ७० जना, जापान जान ८ सय ७१ जना र पोल्याण्ड जान ६ सय जनाले स्वीकृति लिएको विभागले जनाएको छ । व्यक्तिगतरुपमा पुनः श्रम स्वीकृति लिनेको >>> पृष्ठ २ मा


### नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजको चौथो साधारण सभासम्बन्धी सूचना

आदरणीय सम्पूर्ण **वैदेशिक रोजगार नेवाः व्यवसायी**ज्यूहरु **नेपाल वैदेशिक रोजगार व्यावसायी नेवाः समाज**को २०७९ फागुन २८ गते बसेको कार्यसमितिको बैठकको निर्णयअनुसार **चौथो साधारण सभा** निम्न मिति, स्थान र समयमा गर्ने निर्णय भएको हुँदा यस समाजमा आवद्ध भइसकेका वा हुन बाँकी सम्पूर्ण नेवाः व्यवसायीज्यूहरुलाई नेवाः व्यवसायी एकताका साथ यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

साथै यस संस्थामा सहयोग पुऱ्याउनु हुने व्यवसायीज्यूहरुलाई सम्मान गर्ने र आगामी वर्षको लागि निर्वाचित हुनुभएका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई बधाई तथा शुभकामनाको कार्यक्रम पनि रहेको जानकारी गराउँदछौं ।

**सभा बस्ने स्थान, मिति र समय :**

**स्थान** : **र्‍याडिसन होटल लाजिम्पाट-२, काठमाडौं**
**मिति** : **२०७९ चैत्र २४ गते, शुक्रबार**
**समय** : **बिहान ८:३० बजे**

**नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाज**
**पानीपोखरी-३, काठमाडौं, फोन नं. ०१-४००२५९६, मो.: ९८५१०५८५०५**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
६ चैत २०७९, सोमबार
20 March 2023, Monday

# उपराष्ट्रपति निर्वाचनको प्रतिवेदन पेस, आज शपथ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

निर्वाचन आयोगले उपराष्ट्रपति निर्वाचनको मत परिणामसहितको प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरेको छ । चैत ३ मा सम्पन्न उपराष्ट्रपतिको निर्वाचनमा यादव ३० हजार ३२८ मतभारसहित निर्वाचित भएका थिए । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा ६० बमोजिम आइतबार राष्ट्रपति भवन शीतल निवासमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सो प्रतिवेदन बुझाएका हुन् । सो अवसरमा राष्ट्रपति पौडेलले नेपालको संविधानको भाग २४ धारा २४६ मा संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेशसभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नु आयोगको प्रमुख कार्य रहने व्यवस्थाबमोजिम आयोगले ती निर्वाचनहरू स्वच्छ, निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्णरूपमा कुशलतापूर्वक सम्पन्न गरेकामा आयोगलाई धन्यवाद दिए ।



उनले निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष भएकाले निर्वाचन सफलतापूर्वक सम्पन्न हुनुले लोकतन्त्र परिपक्क हुँदै गएको उल्लेख गरे । प्रमुख आयुक्त थपलियाले गत फागुन २५ मा निर्वाचित भई राष्ट्रपति जस्तो मुलुकको सर्वोच्च र गरिमामय पदमा रही महत्वपूर्ण जिम्मेवारी सम्हालेकोमा राष्ट्रपति पौडेलप्रति बधाइसहित सफल कार्यकालको शुभकामना व्यक्त गरे ।

उनले यो वर्ष निर्वाचनमय वर्ष रहेको उल्लेख गर्दै गत वर्ष २०७८ माघ १२ गते राष्ट्रियसभाको रिक्त १९ पदको निर्वाचनबाट शुरु भएको यो शिलशिला यही चैत ३ मा उपराष्ट्रतिको निर्वाचन सम्पन्न भएसँगै पूरा भएको बताए । यस कार्यमा नेपाल सरकार, सम्बन्धित निकाय, राजनीतिक दल, उम्मेदवार, मतदाता र सबै पक्षको सहयोगका लागि आयोगका तर्फबाट धन्यवाद व्यक्त गरे ।

उपराष्ट्रपतिको निर्वाचनमा कुल ५२ हजार ६२८ मतभारमध्ये उपराष्ट्रपति पदका उम्मेदवार रामसहायप्रसाद यादव ३० हजार ३२८ मतभार प्राप्त गरेका थिए । कार्यक्रममा निर्वाचन आयुक्तहरू रामप्रसाद भण्डारी, डा. जानकीकुमारी तुलाधर, सगुनशमशेर जबरा, आयोगका सचिव गोकर्णमणि दुवाडीसहित सहभागी थिए ।

नेपालको संविधानको धारा ६७ अनुसार नेपालमा एक उपराष्ट्रपति रहने र राष्ट्रपतिको अनुपस्थितिमा उपराष्ट्रपतिबाट सम्पादन गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिने व्यवस्था छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी २०७९ माघ १६ गतेको आयोगको बैठकबाट २०७९ चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन गर्ने गरी मिति तोकिएको थियो ।

नवनिर्वाचित उपराष्ट्रपति रामसहायप्रसाद यादवले सोमबार पद तथा गोपनीयताको शपथ लिँदैछन् ।

# सामाजिक संघसंस्थाका चुनौती तत्काल सम्बोधन गर्न ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

गैरसरकारी संस्था महासंघ नेपालले सामाजिक संघसंस्थाहरुका विद्यमान चुनौती तथा सवालहरु तत्काल सम्बोधन गर्न समाज कल्याण परिषदलाई ध्यानाकर्षण गराएको छ । महासंघको नेतृत्वमा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरुले आइतबार समाज कल्याण परिषदका पदाधिकारीहरुसँग भेटेर सत्र बुँदे सुझाव पत्र प्रस्तुत गर्दै ध्यानाकर्षण गराएका हुन् ।

नेपालको विकासमा विभिन्न देशका सरकार र नेपाल सरकार अर्थ मन्त्रालयबीच सम्झौता गरी संयुक्त राष्ट्र संघीय निकायहरु एवं द्विपक्षीय तथा बहुपक्षीय निकायहरुले स्थानीय गैर सरकारी संस्थाहरुमार्फत कार्यान्वयन गरेका कार्यक्रमहरुको समाज कल्याण परिषदबाट स्वीकृति लिनुपर्ने र अनुगमन गराउनुपर्ने शर्त फिर्ता लिन, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले जिल्लामा कार्यालय खोली व्यवस्थापनमा साझेदार संस्थालाई नामको मात्र साझेदार बनाई अप्रत्यक्ष रुपमा आफैं काम गर्ने प्रवृतिलाई निरुत्साहित गर्न ध्यानाकर्षण गराइएको महासंघका अध्यक्ष राम प्रसाद सुवेदी र महासचिव अर्जुन भट्टराईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।



यस्तै संस्था नवीकरण गर्ने क्रममा ऐन कानून विपरीतका झन्झटहरु हटाउन सहजीकरण गर्न, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरुको समन्वय र परिचालन गर्न नेपाल सरकार र समाज कल्याण परिषदले बनाएका ऐन, नीति, नियमावली, निर्देशिका, कार्यविधिहरुका विषयमा सम्बन्धित सरोकारवालासँग छलफल र परामर्श गरी समय सापेक्ष बनाउने लगायतका विषयमा ध्यानाकर्षण गराइएको विज्ञप्तिमा उल्लेख छ ।

यस्तै महासंघले दीर्घकालीन सम्बोधन अन्तर्गत संघसंस्था मैत्री एकीकृत सामाजिक विकास ऐन निर्माण गर्नका लागि पहल कदमी गर्नका लागि अपिल समेत गरेको छ । समाज कल्याणका कामलाई प्रविधिमैत्री बनाई छिटो छरितो बनाउन, परिषद संघसंस्थाको श्रोतमा निर्भर नभई नेपाल सरकारबाट श्रोत ल्याउने र संघसंस्थालाई सहजीकरण गर्न, परियोजना स्वीकृती र अनुगमन मात्र नभई संघसंस्थाहरुका समस्याहरुलाई सम्बोधन गर्दै अभिभावकीय भूमिका निर्वाह गर्न अनुरोध समेत गरेको छ । दाताहरु र अन्तर्राष्ट्रिय संघसंस्थाहरुमार्फत गर्ने कामहरुलाई नाफा वितरण गर्ने र नाफा वितरण गर्ने कम्पनी मार्फत गर्ने कार्य रोक्न नीतिगत पहल गर्न अनुरोध गरेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरुको समन्वय र परिचालन गर्न नेपाल सरकार र समाज कल्याण परिषदले वनाएका ऐन, नीति, नियमावली, निर्देशिका, कार्यविधिहरुका विषयमा सम्बन्धित सरोकारवालासँग छलफल र परामर्श गरी समय सापेक्ष बनाउन अनुरोध समेत गरिएको छ ।

## डेढ...

क्याम्पसको स्ववियू सभापतिमा एमाले निकटको अनेरास्ववियुका नेता राकेश चौधरी विजयी भएका छन् । आइतबार भएको मतदानमा चौधरीले नेपाल विद्यार्थी संघ, अखिल क्रान्तिकारी, राप्रपाको विद्यार्थी संगठन र एकीकृत समाजवादीको अनेरास्ववियूसहितको गठवन्धनलाई १३ मतले पराजित गरेका हुन् ।

## परीक्षा...

कमजोर भएको शिक्षकहरुको गुनासो छ ।

कालिकोटमा मात्रै होईन, मुगु र डोल्पामा पनि उहीँ अवस्था छ । मुगुको सोरु गाउँपालिका-९ स्थित विजय माध्यमिक विद्यालय कालैमा अध्ययनरत कक्षा ९ का विद्यार्थीले शैक्षिक सत्र सकिन लाग्दा समेत पुस्तक पाएका छैनन् । उक्त विद्यालयको कक्षा ९ मा अध्ययनरत ७८ जना विद्यार्थीले अझैसम्म अर्थशास्त्र र शिक्षा विषयको पुस्तक पाएका भने कक्षा ८ मा अध्ययनरत २५ जना विधार्थीले पनि कम्प्युटर शिक्षाको किताब बिना नै वार्षिक परीक्षाको तयारी गरिररहेका छन् । त्यतिमात्रै होईन, शिक्षकहरुको ध्यान अन्तै हुँदा अंग्रेजी, गणित, विज्ञान विषयका कोर्ष पनि पूरा नभएको विद्यार्थीले गुनासो गर्दै आएका छन् । शिक्षक सेवा आयोगको परीक्षा तयारीका लागि शिक्षकहरु जिल्ला बाहिर जाँदा कोर्ष पूरा हुन नसकेको छात्रा लक्ष्मी सुनारले भनिन् । यता, डोल्पाका अधिकांश विद्यालयमा अहिले पाठ्यपुस्तकबिना नै पठनपाठन सुरु भएको छ । त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत पर्ने ३१ वटा विद्यालयमा पाठ्यपुस्तकविना नै पठनपाठन भइरहेको छ । विद्यालय खुले पनि नयाँ किताब नपुग्दा विद्यार्थीको पठनपाठन प्रभावित भएको त्रिपुराकोट माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णबहादुर बोहोराको भनाई छ ।

हुनत, हरेक पटक नियुक्त हुने शिक्षामन्त्रीले समयमै पाठ्यपुस्तक विद्यार्थीको हातमा पुर्याउने प्रतिबद्धता भने गर्न छाड्दैनन् । तर पनि, व्यवहारिक रुपमा भने विद्यार्थीले पुस्तक बिना नै शैक्षिक सत्र गुजानुपर्ने बाध्यता छ । 'विद्यार्थीको हातमा किताब छैन भने शिक्षकले पढाएको के अर्थ हुन्छ ? हरेक वर्ष सदरमुकाम भन्दा बाहिरका विद्यार्थीलाई पुस्तककै पिरलो हुने गरेको छ,किताब हेर्नै नपाई विद्यार्थीले परीक्षा दिनुपर्ने अवस्था छ' डोल्पाका स्थानीय रुप कुलालले भने । उनले सरकार भएको अनुभूति आफूहरुलाई हुन नसकेको बताएका छन् । वर्षेनी परीक्षा आउँदा समेत पुस्तक नदेखी परीक्षा दिनुपर्ने कर्णाली र दुर्गम भेगका विद्यार्थीको समस्या समाधानका लागि सरकारले हालसम्म पनि ठोस कदम चाल्न सकेको छैन । हरेक शिक्षामन्त्री र सरकार आश्वासन दिने तर, आमजनताको जीवनस्तर परिवर्तन गर्ने काम गर्न भने सधैं चुकिरहेका छन् ।

## विश्वासको...

नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री दाहाललाई नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमोर्चा, नेपाल समाजवादी पार्टी, आम जनता पार्टीलगायत दलहरूले विश्वासको मत दिने तयारी गरेका छन् ।

प्रधानमन्त्रीले बहुमतका लागि १३८ जना सांसदको साथ लिनुपर्ने हुन्छ । ११ दलको समर्थन भएमा प्रधानमन्त्रीले सजिलै विश्वासको मत पाउने देखिन्छ । प्रतिनिधि सभामा कांग्रेसका ८८, माओवादीका ३२, रास्वपाका १९, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमतका ६, नागरिक उन्मुक्तिका ४, लोसपाका ४, राष्ट्रिय जनमोर्चाको १, नेपाल समाजवादी पार्टीको १, आम जनता पार्टीको १ सांसद छन् । केही स्वतन्त्र सांसदले पनि प्रधानमन्त्रीलाई विश्वासको मत दिने सम्भावना छ ।

७९ जना सांसद भएको नेकपा एमाले प्रमुख प्रतिपक्षमा बसेको छ । १४ सांसद भएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि प्रतिपक्षमा बसेको छ । कांग्रेसलगायत दल प्रतिनिधि सभाको आइतबारको बैठकबाट सत्तापक्ष लहरमा बसेका थिए भने एमाले र राप्रपा प्रतिपक्षी लहरमा बसेका छन् । कांग्रेस, रास्वपा, एकीकृत समाजवादीले पार्टी बैठकबाट प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णय गरिसकेका छन् ।

प्रधानमन्त्री प्रचण्डले भने आफूलाई शतप्रतिशत सांसदहरूले विश्वासको मत दिने दाबी गरेका छन् । प्रतिनिधि सभा बैठकबाट बाहिरिँदै गर्दा नयाँ वानेश्वरस्थित संघीय संसद भवनमा पत्रकारहरूसँग उनले भनेका छन्, 'पहिले मलाई ९९.२५ प्रतिशतले विश्वासको मत दिनुभएको थियो। भोलि शतप्रतिशतले दिनुहुन्छ भन्ने आशा छ ।'

गत पुस २६ मा नेमकिपा र राष्ट्रिय जनमोर्चाबाहेक अरू दलका सांसदहरूले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएका थिए ।

गत फागुन १२ गते राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्ने पूर्वसन्ध्यामा कांग्रेस, माओवादीसहित ८ दलीय गठबन्धन बनेको थियो । त्यो गठबन्धनमा थप केही दल थपिएका छन् । शनिबार बालुवाटारमा १० दलीय गठबन्धन बैठक बसेर संक्रमणकालीन न्याय सम्बन्धी विधेयक संसदमा प्रस्तुत गर्ने र प्रधानमन्त्रीलाई विश्वासको मत दिने विषयमा एक ठाउँमा उभिने समझदारीसमेत गरेका थिए ।

## सत्तामा...

प्रतिपक्षबाट सत्ता पक्षीय बेञ्चमा सरेको थियो । डा. महतका अनुसार सरकारमा सहभागिता भने प्रधानमन्त्रीले विश्वासको मत लिएपछि मात्र हुनेछ ।

आइतबारको बैठकले मन्त्रिपरिषद्मा पठाउँदा योग्यता, योगदान, समावेशिता र प्रादेशिक सन्तुलनलाई मध्यनजर राखेर मन्त्री पठाउने मापदण्ड बनाएको छ । प्रवक्ता महतले भने, 'यही मापदण्डका आधारमा नेतृत्वले सबैको सुझाव सल्लाह लिएर ककसलाई पठाउने भन्ने निर्णय गर्नेछ ।'

## मलेसियाद्वारा...

१८ देखि नै विदेशी श्रमिकको लागि आवेदन लिन र स्वीकृति दिन बन्द गरिएको हो ।

मलेसियाले विदेशी कामदारको कोटा तोक्ने तयारी गरिरहेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कामदार आपूर्ति गर्ने श्रोत मुलुकलाई कोटा प्रणाली निर्धारण गर्दा नेपालको अहित हुनसक्ने बताएको छ । संघले त्यसका लागि सचेत भई कूटनीतिक पहल गर्न मलेसियास्थित नेपाली दूतावासको ध्यानाकर्षणसमेत गराइसकेको छ । हाल मलेसियामा रहेका संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेललाई भेटी त्यस विषयमा छलफल गरेका थिए ।

यसैबीच संघले केडीएन एक्सपाएर भएको भनी अन्तिम श्रम स्विकृति नदिई फाइल रिजेक्ट नगर्न वैदेशिक रोजगार कार्यालय ताहचलसँग माग गरेको छ । आइतबार संघका द्वितीय उपाध्यक्ष सञ्जु गुरुङको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले वैदेशिक रोजगार कार्यालय ताहचलका कार्यलय प्रमुखलाई भेट गरी कामदारले भिसाको अवधिभित्र मलेसिया प्रवेश गर्न पाउने भएकाले केडीएन नभए पनि अन्तिम श्रम स्विकृति दिँदा केही फरक नपर्ने र अन्तिम श्रम स्विकृति लिन पेस गरेका कामदारको भिसा अवधि बाँकी रहेको भए केडीएन नभए पनि अन्तिम श्रम स्विकृति दिन आग्रह गरेको छ ।

## विदेश...

संख्या भने २४ हजार ८ सय ५१ रहेको छ ।

यसैबीच वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने कामदारलाई अभिमुखीकरण तालिम दिने संस्थाहरुलाई विद्युतीय हाजिरी ३० दिनसम्म राख्न निर्देशन दिएको छ । अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ अनुसार तालिम सञ्चालन गर्दा प्रशिक्षार्थीहरूको उपस्थिति र प्रस्थान समयको विद्युतीय हाजिरीको दैनिक अभिलेख राख्नुपर्ने व्यवस्था छ । विभागले तालिम दिने संस्थाले हाजिरीको दैनिक विवरण मेटाउने गरेको भन्दै विवरण मेटाएमा कानूनअनुसार कारबाही हुने चेतावनी दिएको छ ।

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development & Building Construction**
**Project Office of Urban Development & Building Construction**
**Bhadrapur-Jhapa**

**Invitation for Bids (IFB):- 10/2079/80**

**First date of publication: 2079/12/06 B.S.**

1. **Project Office of Urban Development & Building Construction (PUDBC), Jhapa** invites electronic **b**ids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document.

| S.N. | Contract ID | Description of Work | Bid security Amount | Average Annual Turn Over | Bid Capacity | Similar Nature Work | Key Activities |
|---|---|---|---|---|---|---|---|
| 1 | PUDBC/ Jhapa/Work/ NCB/26/79/80 | Upgradation/Construction of Road and Drain of Urban Roads at Ilam Municipality and Deumai Municipality, Ilam | 2,195,000.00 | 109,780,000.00 | 73,187,000.00 | Bituminous Blacktopped Road of Value 43,913,000.00 (Without VAT) | Asphalt Concrete=285 cum/year Plum Concrete= 684 cum/year |

2. A complete set of Bidding Documents **(Latest Revision)** may be downloaded from the **PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP II)**

**Information to deposit the cost of bidding document in Bank:**

Price of Bid Documents: **Nrs. 5,000.00 ;** Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur, Jhapa,** Name of Office: **Project Office of Urban Development & Building Construction, Bhadrapur, Jhapa,** Office Code no.: **347011201,** Office Account no.: **1000200010000,** Rajaswa Shirshak No. : **14229**

**Information to deposit the Bid Security as cash in Bank (In case, if Required) :**

Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur, Jhapa,** Name of Office: **Project Office of Urban Development & Building Construction, Bhadrapur, Jhapa,** Office Code no.: **347011201,** Office Account no.: **2210100102030000**

3. General Information related to Electronic Bids are:

| Date of Pre Bid Meeting | Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|
| 2079/12/26,11:00 at PUDBC-Jhapa | 2080/01/06,12:00 at PUDBC-Jhapa | 2080/01/06,1:00 PM at PUDBC-Jhapa | Minimum **90 days** from the last date of bid submission. | Minimum 30 days beyond the bid validity period. |

4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Project Chief**

**सिन्धु सुनकोशी यातायात प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०३/१९ मा दर्ता भएको प्रा.लि.नं. १९२८१३/०७४/०७५ को **सिन्धु सुनकोशी यातायात प्रा.लि.** को संचालकहरुको मिति **२०७९/१२/०५** मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल, दामासाही ब्यवसायी, इजाजत नं. ३५३, प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**

# उपत्यकामा असुरक्षित पैदलयात्री सात महिनामा ४० को निधन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

काठमाडौं महानगरपालिका-९ तिलगंगामा ना३ख ६०६४ नंको गाडीको ठक्करबाट शनिबार पैदलयात्रीको मृत्यु भयो ।

गाडीको ठक्करबाट गम्भीर घाइते सिन्धुपाल्चोक जलवीरे गाउँपालिका-९ घर भई हाल काठमाडौंको सिनामंगल डेरा गरी बस्ने ७५ वर्षीया चन्द्रमाया बस्नेतको काठमाडौं मेडिकल कलेज सिनामंगलमा उपचारका क्रममा मृत्यु भएको हो । गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिइएको प्रहरी वृत्त गौलाशाले जनाएको छ ।

यस्तै आइतबार मात्रै ललितपुर महानगरपालिका-१७ ग्वार्को चोकस्थित सडकमा मोटरसाइकलले साइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा साइकल यात्री महानगरपालिका-१७ भेल्पा बस्ने काभ्रेपलान्चोक बेथानचोक गाउँपालिका-२ घर भएका ३४ वर्षीय बुद्धराज तिमिल्सिना रहेका प्रहरीले जनाएको छ ।

उनी चढेको साइकललाई शनिबार राति बागमती प्रदेश ०२-००१ ब २२४७ नम्बरको मोटरसाइकलले ठक्कर दिएको थियो । उनको बी एण्ड बी अस्पताल ग्वार्कोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनमा घाइते भएका मोटरसाइकल चालकको बी एण्ड बी अस्पतालमा उपचार भइरहेको छ । यी त केहि प्रतिनिधि घटनामात्रै हुन् । तर पछिल्ला समय काठमाडौं उपत्यकामा पैदल यात्रुहरु असुरक्षित बन्दै गएका छन् ।



काठमाडौं उपत्यकामा गत आर्थिक वर्षमा मात्रै सवारी साधनको ठक्करबाट ५८ पैदलयात्रीको मृत्यु भएको प्रहरीले जनाएको छ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म आइपुग्दा ४० पैदलयात्रीले अनाहकमा ज्यान गुमाउनुपरेको छ । विगतमा जेब्राक्रसिङ्मै सवारी साधनको ठक्करबाट पैदलयात्रीको मृत्यु भएकाल धेरै घटनाहरु समेत छन् । यी कारणहरुले उपत्यकामा हिँड्ने पैदलयात्री सबैभन्दा बढी जोखिममा रहेका छन् ।

### पैदलयात्री सचेतना अभियान

काठमाडौं उपत्यकामा सवारी साधनको ठक्करबाट पैदलयात्री दुर्घटनाको क्रम बढेपछि ट्राफिक प्रहरीले पैदलयात्री सचेतना अभियान सञ्चालन गरेको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जेब्राक्रसिङ्ग तथा आकाशेपुलबाट सडक पार गर्न र साईकल चालकलाई ट्राफिक नियम सम्बन्धी जनचेतना फैलाउन पैदलयात्री सचेतता अभियानको सुरुवात गरेको हो । जेब्राक्रसिङ्ग तथा आकाशे पुल प्रयोग गरौँ भन्ने प्ले कार्डनै देखाएर ट्राफिक प्रहरीले उपत्यकाका बिभिन्न चोक-चोकमा बसेर अभियानको सुरुवात गरेको छ । दिनप्रतिदिन बढ्दो सवारी चापका साथै आकोशपुल र जेब्राक्रसिङ्ग बाहेकका स्थानबाट जथाभावी सडक पार गर्दा ज्यानै जोखिममा पर्ने तथ्यांकलाई आधार मान्दै सुरूवात गरिएको अभियानमा पैदलयात्रीहरूलाई ट्राफिक प्रहरीले सम्झाई-बुझाई गर्न थालिएको छ । सम्झाई-बुझाईका क्रममा काठमाडौंको न्युरोड, बालकुमारी, जडिबुटी, ललितपुरको सातदोबाटो र जावलाखेल, भक्तपुरको सल्लाघारी र गट्ठाघरमा रहेको आकाशेपुलबाट पैदलयात्रुहरूलाई सडक वारपार गर्न लगाइएको छ ।

यस्तै ट्राफिक प्रहरीले रेड लाईट क्रस गर्ने, जेब्रा क्रसिङ्गमा रोक्ने, फुटपाथमा साईकल चलाउने लगायतका विविध ट्राफिक नियम उल्लंघन गर्ने साईकलका चालकहरूलाई पनि सम्झाई-बुझाई गर्न थालेको छ । काठमाडौंको कमलपोखरी, थापाथली, बल्खु, बुढानिलकण्ठ, नयाँबसपार्क, नागढुङ्गा, बौद्ध र भक्तपुरमा साईकलयात्रीलाई सम्झाई बुझाई गर्न थालिएको छ ।

यस अभियानले पैदलयात्रीहरुमा ट्राफिक सचेतता अभिवृद्धि गर्न र ट्राफिक व्यवस्थापनमा सहजीकरण गरी दुर्घटनामा कमि ल्याउन मद्दत पुग्ने अपेक्षा राखिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र प्रसाद भट्ट बताउँछन् । यस अघि २०७४ वैशाख र २०७६ पुसमा पनि जथाभावी सडक पार नगरौं भन्ने जनचेतनामुलक कार्यक्रम ट्राफिक प्रहरीले सञ्चालन गरिएको थियो । आकाशे पुल भएको स्थानमा आकाशे पुलबाट र जेब्राक्रस भएका स्थानमा जेब्राक्रसिङ्गबाट मात्रै सडक वारपार गर्नुहुन र ट्राफिक नियमको पालना गर्दै सवारी साधन चलाउन हुन सबै सडक प्रयोगकर्ताहरूमा प्रवक्ता भट्टले अनुरोध गरेका छन् ।

# अन्तरिम आदेशका मुद्दालाई प्राथमिकता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

सर्वोच्च अदालतले अब अन्तरिम आदेशका मुद्दालाई प्राथमिकता दिएर सुनुवाइ गर्ने भएको छ । सर्वोच्च अदालतको चैत ३ गते बसेको पेसी व्यवस्थापन निर्देशन समितिको बैठकले अल्पकालीन अन्तरिम आदेश जारी भई अन्तरिम आदेशको छलफलमा पेस भएका निवेदन र खारेजसम्बन्धी निवेदनहरुको शीघ्र सुनुवाइ गर्ने निर्णय गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलकाअनुसार अब अन्तरिम आदेशका मुद्दालाई प्राथमिकता दिएर सुनुवाई निर्णय गर्ने निर्णय गरेको हो ।



अदालतले आइतबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस अदालतमा दर्ता भई विधाराधीन अवस्थामा रहेका रिट निवेदनमध्ये प्रारम्भिक सुनुवाइको क्रममा अल्पकालीन अन्तरिम आदेश जारी भई अन्तरिम आदेश जारी गर्ने/नगर्ने विषयमा छलफलको लागि अर्को पक्षलाई झिकाइ सुनुवाइ गर्न इजलासबाट आदेश भएका रिट निवेदन लामो समयसम्म सुनुवाइ नभएको देखियो ।'

अल्पकालीन अन्तरिम आदेशमा मुद्दामा शीघ्र सुनुवाइ गर्ने उल्लेख गर्दै भनिएको छ, 'अल्पकालीन अन्तरिम आदेश दीर्घकालीन आदेशको रुपमा लामो समयसम्म कायम रहने स्थिति सिर्जना हुन गएको देखिँदा अल्पकालीन अन्तरिम आदेश जारी भई अन्तरिम आदेश छलफलका लागि पेसी चढेका र एक पक्षीय सुनुवाइबाट अन्तरिम आदेश जारी भएका मुद्दालाई पेसी व्यवस्थापन गर्ने ।' यो निर्णयले अब अभियान फाँटअन्तर्गत पेसी चढेकाबाहेक सबै मुद्दाले सुरुमै पालो पाउने छन् भने सर्वोच्चमा मुद्दा धेरै हुँदा तीन दिनभित्र फैसला गर्ने भनी इजलासबाट पेसी तोकिएको मुद्दा पनि दुई वर्षसम्म पालो नआउने हुँदै आएको छ ।

# प्राथमिक स्वास्थ्य केन्द्रमा अल्ट्रासाउन्ड सेवा

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ५ चैत

लामो प्रतिक्षापछि रौतहका ग्रामीण भेगमा भिडियो एक्स-रे(अल्ट्रा साउन्ड)सेवा शुरु भएको छ । दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भू सिंहले प्राथमिक स्वास्थ्य केन्द्र गंगा पीपरामा भिडियो एक्सरे (अल्ट्रा साउन्ड)को आइतबार एक कार्यक्रबीच उद्घाटन गरेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्भवती महिलालाई घरदैलोमै भिडियो एक्स-रे (अल्ट्रासाउन्ड )सेवा कार्यक्रममार्फत उपलब्ध गराएको उपकरबाट सेवा आरम्भ गरिएको प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश यादवले बताए । सरकारले उपलब्ध गराए अनुसार प्रतिफल आउने वडा नम्बर ३ का अध्यक्ष डिके झाले विश्वास व्यक्त गरे ।

उद्घाटन कार्यक्रममा उपाध्यक्ष शिला देवी, वडा अध्यक्ष प्रधुमन चौधरी, सुरेश चौधरी, रामानन्द यादव, धर्मनाथ चौधरी, स्वास्थ सयोंजक दिनेश महतो, सेवाग्राही तथा स्वास्थ्यकर्मीको उपस्थिति रहेको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७४/१०/२२ मा दर्ता भएको **प्रा.लि. नं. १८३१७०** को **अबसर टेक्निकल इन्स्टीच्युट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

VACANCY ANNOUNCEMENT
WE'RE HIRING
MALE
- ACCOUNTANT - 1
• Experienced in related fields
• Must have knowledge of operating computers and speaking English
Send us your CV: continentalnepal190@gmail.com
Website: www.continentalmanpower.com.np
NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
Sinamangal-09 Shambu Marga Kathmandu

पञ्चेश्वर सा.व.उ.स. त्रिनपा-१४ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना
प्रकाशित मिति : २०७९/१२/०६

यस समूहले आर्थिक बर्ष २०७८।०७९ मा नियामानुसार संकलन गरी समुहको घाटगद्दीमा रहेको लट नम्बर २ को साल जातको थान ४८ को ४५३.७५ क्यू.फि, लट नं. ३ को साल जातको थान ३६ को ३७१.६६ क्यू फि, सादन जातको थान ८ को ८७.६७, असना जातको थान ६ को ४४.७५ र लट नं ४ को साल बल्लाबल्ली थान ७५ को १७९.९० क्यू फि काठ समूह बाहिर विक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/१०/२२ मा दर्ता भएको **प्रा.लि.नं. ७०२९३** को **को-ओपरेशन इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# बरहथवा अस्पताल भवन निर्माण अलपत्र



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ५ चैत

सर्लाही बरहथवा नगरपालिका वडा नम्बर ६ स्थित निर्माणाधीन बरहथवा अस्पतालको भवन अलपत्र अवस्थामा पुगेको छ ।

निर्माण शुरु गरेको एक वर्ष आठ महिना बितिसक्दा पनि अलपत्र अवस्थामा छाडिएको निर्माणाधीन भवन पछिल्लो समय जीर्ण बन्दै गइरहेको छ ।

साथै निर्माण सामग्री यत्रतत्र छरिएको छ । वि.सं २०७८ असार १५ मा बरहथवा नगरपालिकासँग न्यू ड्रेगन निर्माण सेवाले रु १६ करोड ३५ लाखमा ठेक्का सम्झौता गरेको उक्त भवन एक वर्ष ८ महिना बितिसक्दा पनि निर्माण पूरा नहुँदा अलपत्र बन्न पुगेको हो । विसं २०७९ चैत्र ३० भित्र निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि योजना अलपत्र परेपछि अहिले चौतर्फी आलोचना र गुनासो बढेको छ ।

अस्पतालको भवन निर्माण योजनाका काम करिब ७० देखि ७५ प्रतिशत मात्रै सकिएको अस्पताल विकास समितिले जनाएको छ ।

उक्त अस्पताल भवन निर्माणको काम गुणस्तरहीन भइरहेको भन्दै स्थानीयले डेढ महिना पहिले निर्माणको काम बन्द गराएका थिए । निर्माणको काम बन्द भएपछि बरहथवा नगरपालिकाका उपमेयको संयोजकत्वमा पाँच सदस्यीय अस्पताल निर्माण छानबिन समिति गठन भएको थियो । छानबिन समितिकाअनुसार नगरपालिकाले ठेकेदार कम्पनीलाई ४१ लाख रुपैयाँ बढी रकम भुक्तानी गरेको छ ।

यता निर्माण सेवाका इन्जिनियर उत्तम सुवेदीकाअनुसार कार्य सम्पन्नको मूल्यांकन नै भएको छैन । 'मैले कसरी बढी रकम लिएँ, कार्य सम्पन्नको मूल्यांकन भएपछि यदि मैले बढी रकम लिएको देखियो भने म उक्त रकम फिर्ता गर्न तयार छु' उनले भने ।

सहमतिको लागि शुक्रबार बरहथवा नगरपालिकाको सभाहलमा बसेको बैठकमा छानबिन समितिले अस्पताल भवन निर्माणको काममा पालिकाका इन्जिनियर दिपक लामाले ठेकेदार कम्पनीलाई बढी भुक्तानी दिएको दावी गरे । नयाँ भवनको निर्माण सम्पन्न नहुँदा अस्पतालले अस्थायी संरचनाबाटै सेवा दिँदै आएको छ । अस्पतालमा सर्लाहीको बरहथवा नगरपालिका, बागमती नगरपालिका र बसबरिया गाउँपालिका क्षेत्रलगायत गरी वार्षिक ५० हजारभन्दा बढीले सेवा लिने गरेका बताइएको छ ।


कुवेतमा रोजगार | Company : AL HOMAIZI FOOD STUFF CO. City : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७४९ LT. No.: 261500 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Driver (Light Driver) | 38 | 0 | स. काममा दक्ष | 160 | ६३,५८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Team Member | 23 | 12 | | 160 | ६३,५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र १३ गते (27 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
रातोपुल, काठमाडौं, नेपाल, फोनः ४४६९३७२, ४४६१०७७, मो.: ९८४९१७०६०२, ९८०३०३०१११

VACANCY ANNOUNCEMENT
MALE/FEMALE
DOCUMENTATION 2
5 years experience, active, smart & professional
FEMALE Only/-
2 RECEPTIONIST
2 years experience and smart in communication skill
01-4965264
01-4965983
Send us your CV: document.tgra@yahoo.com
THE GLOBAL RECRUITMENT AGENCY PVT.LTD.
Govt. Lic. No. 1253/075/076
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल



**Masta Rural Municipality**
**Office of the Rural Municipal Executive**
Bhatekhola, Bajhang, Sudurpaschim Province
**Invitation for Bid**
Date of publication: (March-20,2023)

1. The Masta Rural Municipality Bhatekhola, Bajhanginvites Online Bids from eligible bidders for the Construction of the following works.

| Contract Identification no. | Description Of Work | Estimated Amount (Exclusive VAT) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| MRM-DWS -2079/80-07 | Thana hudai Samdeu malaria niji dhara khane paani tatha Sarsafai yojana. (Thana Basti) | 287,9047.06/- | 3000.00/- | 86,000/- | 120 days | |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.

| Last Date and Time For Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: April-19, 2023 12:00 Noon | Date: April-19, 2023 12:00 Noon | Date: April-19, 2023 13:00 Hour |

| Cash Deposit For Purchases of Bid Document | | Cash Deposit For Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Name | Masta Rural Municipality | Account Name | Masta Rural Municipality |
| Account Number | 4110100301010006 | Account Number | 4110100303000006 |
| Office Code | 801077010 | Office Code | 801077010 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

Chief Administrative Officer



ललितपुर महानगरपलिका २९ नं. वडा कार्यालयबाट सधियारलाइ जारी भएको ३५ दिने सार्वजनिक सूचना !!
फोन नं. ५९१२१०२
प्रथम पटक प्रकाशित मिती :२०७९/१२/०६

प्रस्तुत बिषयमा, पर्सा जिल्ला, बिरगंज महानगरपालिका वडा नं. २१ बस्ने संध्या कुमारी कुशवाहाले आफ्नो नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता रहेको तपसिलको कित्ता जग्गामा नक्सा पास गरि घर बनाउन लागेकोमा रबि भुवन राईको नातीनी कृती बहादुर राईको छोरी खोटाङ जिल्ला बाक्सीला वार्ड नं. ७ तपाइ पश्चिमतर्फको सधियार समला राई (ना.प्र.नं :३८२४/९९,जारी मिती २०४६/१२/२६,जि.प्र.का.खोटाङ) (जिल्ला ललितपुर, गा.बि.स. हरिसिद्धि,वार्ड नं. /नक्सा सिट नं. ८/८ ख, कि.नं. ८५८ जग्गा) तथा गणेश घिमिरेको बुहारी नारायण घिमिरेको पत्नी दोलखा जिल्ला,गैरिमुदी वडा नं. ९ बस्ने तपाईं पश्चिम तर्फको सधियार अन्जना घिमिरे(ना.प्र.नं :२२३०४५,जारी मिती:२०६३/११/२४,जि.प्र.का. दोलखा)(जिल्ला ललितपुर, गा.बि.स.हरिसिद्धि,वार्ड नं./नक्सा सिट नं. ८/८ख, कि.नं.११०५ क्षे.फ.ब.मि. ४७६९ जग्गा) सँग सम्पर्क हुन नसकेकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र यस वडा कार्यलयमा कार्यालय समय भित्र उपस्थित भई दिनहुन अनुरोध गरिन्छ। अन्यथा नियमानुसार भैजाने ब्यहोरा समेत अनुरोध छ।

तपसिल :

| जिल्ला/गा.बि.स./न.पा. | वार्ड नं./नक्सा सिट नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|
| ललितपुर/हरिसिद्धि | ८/८ ख | ११५१ | ०-३-०-० | |



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# संयमता अपनाउ

प्रदेश नम्बर १ को नाम कोशी प्रदेश राखिएपछि विराटनगरमा हरेक दिन आन्दोलन भइरहेको छ । पहिचानका आधारमा प्रदेशको नाम राख्नुपर्ने मागसहित पहिचानवादी दल र संस्थाहरूले प्रदेश नम्बर १ पुनः नामकरण संयुक्त संघर्ष समिति गठन गरेर आन्दोलन थालेपछि अवस्था जटिल बनेको हो । आइतबार विराटनगरमा निषेधित क्षेत्र तोडेर मुख्यमन्त्री कार्यालय नजिकै प्रदर्शन हुन थालेपछि स्थिति तनावग्रस्त हुन पुगेको सुरक्षा अधिकारीहरू बताउँछन् । भिड नियन्त्रण गर्न प्रहरीले एक दर्जन अश्रुग्यास र तीन राउन्ड हवाई फायर समेत गरेको थियो । चार जना प्रदर्शनकारी पक्राउ परेका छन् ।

प्रदेशसभाले गत फागुन १७ गते प्रदेशको नाम कोशी राखेको छ । त्यसयता पहिचानको आधारमा पुनः नामकरण हुनुपर्ने भन्दै विभिन्न समूहले निरन्तर प्रदर्शन गरिरहँदा स्थानीयले सास्ती पाएका छन् । आन्दोलनकारी र पहिचानका पक्षधरहरूले स्वीकारेको व्यवस्था हो संघीय लोकतान्त्रिक गणतन्त्र । पहिचानका पक्षधरहरू समेतले स्वीकारेको संविधान कार्यान्वयनमा छ । नेपालले अवलम्बन गरेको शासन व्यवस्था र कार्यान्वयनमा रहेको संविधानले जनादेशलाई प्रधान ठान्छ । जनादेशका आधारमा हुने निर्णयलाई निर्णय मान्ने व्यवस्था नै संसदीय व्यवस्था हो । नेपालले अवलम्बन गरेको सुधारिएको संसदीय व्यवस्थाले पनि यही भन्छ । प्रदेश सभाको अघिल्लो कार्यकालमा पहिचानका आधारमा प्रदेशको नाम राख्ने प्रयास भएको थियो । तर, अघिल्लो कार्यकालमा भन्दा यसपटक पहिचानका आधारमा प्रदेशको नाम राख्नुपर्ने भनी मत राख्नेहरू कम भए । गत मंसिर ४ गतेको चुनावबाट निर्वाचित भएकाहरूले प्रदेशको नाम कोशी राखे । बहुमतको यो निर्णय बहुमतले बदलिन पनि सक्छ ।

आफैँले स्वीकारेको व्यवस्था अन्तर्गत नै प्रदेशको नाम फेर्न सकिन्छ भने त्यसलाई अंगीकार गर्नु संवैधानिक कानुनी राज्यमा हुने अभ्यास हो । त्यसका निम्ति आफूलाई तयार गर्नुपर्नेमा जनतालाई सास्ती दिएर, तोडफोडमा उत्रिएर पहिचान माग्ने विषय आफैँले अंगीकार गरेको शासन व्यवस्थाको विरूद्धमा छ । वर्तमान शासन व्यवस्थाकै विकल्प खोज्ने राप्रपा लगायतका शक्तिहरू संविधानभित्रै रहेर आफ्ना एजेण्डा अगाडि बढाउने भनिरहेका छन् । राप्रपाले गणतन्त्रपछि यसपटक आफूलाई संघीय संसद्मा देखिने गरी प्रस्तुत गर्न सफल भएको छ । वर्तमान संविधान र शासन व्यवस्था नै फेर्नुपर्ने मत राख्ने राप्रपा संविधान मानेर नै आफ्ना एजेण्डा स्थापित गर्न सकिन्छ भन्ने विश्वासमा छ भने यही संविधानका लागि लडेकाहरू फेरि आन्दोलनमा रहनुको अर्थ छैन् । आन्दोलनको ताकत जनतालाई पहिचानको नामको आवश्यकताको महत्व बुझाउनतिर लागे पाँच वर्ष पछिको चुनावले जनमत फेरिन सक्छ । फेरिएको जनमतले प्रदेशको नाम फेर्न सक्छ । यो नै आन्दोलनकारीका लागि सही र उत्तम बाटो हो ।

# बालश्रमको अवस्था र सरोकारवालाको भूमिका

अग्रलेख



● गम्भीरबहादुर हाडा



विश्वका अन्य विकासोन्मुख देशहरुमा जस्तै नेपालमा पनि बालश्रम एउटा गम्भिर समस्याको रूपमा रहेको छ । गरिबी, अशिक्षा, आर्थिक विपन्नता, जनचेतनाको कमि, सामाजिक सुरक्षाको अपर्याप्तता, सामाजिक तथा सांस्कृतिक कारणहरुले गर्दा आय आर्जनको लागि घरभित्र तथा घर बाहिर काम गरिरहेका बालबालिकाहरुको संख्या नेपालमा करीब २० लाख भएको अनुमान छ । बालबालिकाहरुको शोषण, दासताबाट मुक्त भई बाँच्न पाउने अधिकार, सुरक्षा, स्वास्थ्य, संरक्षण, विकास, माया, हेरचाह पाउने अधिकारको प्रत्याभूति गर्नु राज्य तथा नागरिक समाज सबैको कर्तव्य हो । बालबालिका जो बालश्रमिकको रूपमा कार्य गरिरहेका हुन्छन्, तिनीहरु बलअधिकारबाट वञ्चित हुनुको साथै विभिन्न किसिमका शोषणहरुको शिकार भैरहेका छन् । बाल श्रमिकहरु धेरैजसो जोखिमपूर्ण परिस्थितिहरुमा काम गरिरहेका हुन्छन्, जुन उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि हानिकारक हुन्छ । त्यति मात्र नभई सबै बालश्रमिकहरु शिक्षा तथा सीप विकासको अवसरबाट वञ्चित हुने हुँदा समग्र मुलुकको भावी जनशक्ति नै कमजोर र अनुत्पादक हुने डर हुन्छ ।

सबै प्रकारका श्रमहरु शोषणमूलक हुँदैनन् । श्रमलाई एक सकारात्मक र जीवनका लागि अत्यावश्यक सीपहरु सिक्ने प्रक्रियाको रूपमा पनि स्वीकार गरिएको छ । मुलुकको विद्यमान कानूनले तोकेको रोजगारमा प्रवेश गर्ने उमेर पुरा नगरेका बालबालिकाहरुलाई उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकासमा बाधा पुग्ने गरी अति न्यून पारिश्रमिक दिई वा नदिई कुनै पनि किसिमको काममा लगाइन्छ भने त्यसलाई शोषणमूलक बालश्रम मान्न सकिन्छ । यस्ता काममा संलग्न बालबालिकालाई 'बालश्रमिक' भनिन्छ । नेपालको परिप्रेक्ष्यमा खासगरी शारीरिक, मानसिक, यौन वा भावनात्मक शोषणबाट पीडित, पढ्ने, लेख्ने, खेल्ने वा आराम गर्ने जस्ता नैसर्गिक अधिकारबाट बञ्चित, कामको बोझले थिचिएका र आफ्नो परिवारभन्दा बाहिर गई काम गर्ने १४ वर्षभन्दा मुनिका बालबालिकाहरुलाई बालश्रमिक मानिएको छ र यिनीहरुद्वारा गरिने श्रमलाई बालश्रम भनिन्छ ।

**बालश्रमसम्बन्धी कुरा गर्दा निम्नलिखित पक्षहरुमा ध्यान दिनुपर्ने देखिन्छ :-**

- पूरा समय वा आंशिक समयको बालश्रम
- श्रमले शिक्षाको अवसरमा प्रतिकूल असर पार्छ वा पार्दैन
- यो राष्ट्रिय अर्न्तराष्ट्रिय मापदण्डहरुको प्रतिकूल छ छैन
- बालश्रमिकले श्रमको मूल्य प्राप्त गरेको छ छैन
- श्रम, बालबालिकाहरुको शारिरीक, मानसिक र नैतिक विकासको प्रतिकूल छ छैन
- बालश्रमिकहरुको शोषण भएको छ छैन ।

बाल अधिकारसम्बन्धी महासन्धि सन् १९८९ नोभेम्वर २० मा संयुक्त राष्ट्र महासभाद्वारा पारित प्रस्तावमा बालकको परिभाषा यसरी दिइएको छ- कानुनद्वारा बयस्कताको उमेरको अन्यथा व्यवस्था गरेकोमा बाहेक १८ वर्षलाई वयस्कताको उमेर मानिएको छ। नेपालमा बालबालिकाको हकहितको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०४९ मा बालकको परिभाषा यस प्रकार दिइएको छ : बालक भन्नाले १६ वर्ष उमेर पुरा नगरेको बालबालिका सम्झनुपर्छ। यस ऐनमा १४ वर्ष वा सोभन्दा माथिको उमेरका बालकलाई बेलुका ६ बजेदेखि बिहान ९ बजेसम्मको अवधिमा श्रमिकको रूपमा काममा लगाउनु हुँदैन । श्रमिकको रूपमा काममा लगाइएको बालकलाई धर्म, वर्ण, जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक दिनुपर्छ भन्ने व्यवस्था गरिएको पाइन्छ । नेपाल अधिराज्यको संविधान २०४७ मा राज्यका नीति निर्देशक सिद्धान्तमा राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्ने छ र निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ भन्ने कुरा उल्लेख गरिएको छ। नेपालको बालबालिकासम्बन्धि कानुनअनुसार १६ वर्ष मुनिका बालबालिकाहरू जो आफ्नो तथा परिवारको जीविकाको निम्ति श्रम बेच्न बाध्य हुन्छन् यिनीहरूले बाध्यतावश गर्नुपर्ने मजदुरीलाई बाल मजदुरी भनिन्छ। बाल मजदुरी गरिबी, अशिक्षा, जनचेतना तथा सामाजीक अन्यायको परिणती हो जुन कुरा हाम्रो देशको विद्यमान आर्थिक सामाजिक संरचनामा गाँसिएको छ।

